स्थानीय सरकार
नेचासल्यान गाउँपालिका

email:nechasalyan345@gmail.com
info@nechasalyanmun.gov.np
website:https://nechasalyanmun.gov

# गाउँ कार्यपालिकाको कार्यालय

प. सं.२०८३।०८४
च. नं.

नेचावेतघारी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

## बिहिवारे बजार ट्रस भवनको बहाल बिटौरी कर संकलन लगाउने सम्बन्धी सूचना
## (सूचना नं. 01/NSRM/2083/084, तेस्रो प्रकाशित मितिः २०८३/०६/१९)

यस गाउँपालिकाको वडा नं. ३, स्थित बिहिवारे बजार ट्रस भवनमा रहेको ५ वटा सर्टरको सम्झौता भएको मितिले तोकिएको अवधि सम्मका लागि बढाबढमा खुल्ला प्रतिस्पर्धा गराई ठेक्कामा लगाउनुपर्ने भएकोले सार्वजनिक पद धारण गरी राज्य कोषबाट सरकारी सेवा सुविधा लिने व्यक्ति बाहेक ईच्छुक व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुका लागि तपसिलमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलवन्दी प्रस्तावपत्र आह्वान गरिएको छ।

### सिलबन्दी प्रस्तावपत्र सम्वन्धी विवरण

| क्र.सं. | विवरण | न्यूनतम वार्षिक सम्झौता प्रति सर्टर रकम रु | सिलबन्दी प्रस्ताव दर्ता/ खोल्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नेचासल्यान गाउँपालिकाको वडा नं. ३, स्थित बिहिवारे बजार ट्रस भवनमा रहेको ५ वटा सर्टरको बहाल बिटौरी कर संकलन गर्ने कार्य | १८,०००।- (मासिक १५०० न्यूनतम) | दर्ता मितिः २०८३/०६/२३ गते दिनको २ बजे सम्म खोल्ने मितिः २०८३/०६/२३ गते दिनको ४ बजे | |

### यस गाउँपालिकाको वडा नं. ३, स्थित बिहिवारे बजार ट्रस भवनमा रहेको ५ वटा सर्टरको बहाल बिटौरी कर संकलन सम्वन्धी ठेक्काका शर्तहरु:

(१) यस सूचना वाट छनौट भएका व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म, संस्था, कम्पनीहरु वा व्यवसायीहरुको सम्झौता अवधि अधिकतम ४ वर्षको हुनेछ। प्रत्येक दुई (२) वर्षमा साबिक सम्झौता रकमको दश (१०) प्रतिशत भाडा वृद्धि हुनेछ।
(२) ठेक्का लगाईने सम्वन्धी प्रक्रिया सिलवन्दी प्रस्तावपत्र विधि मार्फत् गरिनेछ। प्रस्तावपत्र सूचनाको अवधि ५ (पाँच) दिनको हुनेछ र सोही दिनमा सिलबन्दी प्रस्तावपत्रहरू नियमानुसार खोलिनेछ।
(३) प्रस्तावपत्रदाताले वढावढ प्रस्तावपत्र पेश गर्दा ठेक्का सम्झौतामा प्रचलित कानून वमोजिम कुनै किसिमको अयोग्य छैन भन्ने स्व-घोषणापत्र पेश गर्नु पर्नेछ।
(४) विहिवारे वजार ट्रस भवनको बहाल विटौरी कर संकलनको ठेक्का लिने सम्वन्धी सिलबन्दी दरभाउपत्रको रु ३५०० (तिन हजार पाँच सय) सिलवन्दी प्रस्तावपत्र पेश गर्दा नै जमानत राखु पर्नेछ।
(५) सम्झौता भए पश्चात सबै निवेदकहरुको जमानत रकम फिर्ता हुनेछ तर ठेक्का प्रक्रियाको निवेदन फिर्ता गर्ने व्यावसायी र यस ठेक्कामा छनौट भएको प्रस्तावदाता तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा उक्त जमानत रकम जफत हुनेछ।
(६) छनौट भएका व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म,संस्था,कम्पनीहरु वा व्यावसायीहरुले सम्झौताको समयमानै कम्तिमा एक वर्ष भरिको (१२ महिना) पुरै वार्षिक भाडा नगद वा बैंङ्क ग्यारेन्टी अनिवार्य दाखिला गरे पश्चात मात्र सम्झौता गरिनेछ साथै वर्ष पूरा हुने १२ औं महिनाको १५ गते सम्म आगामी अर्को १ वर्ष भरिको हुन आउने पूरै भाडा रकम नगद वा बैङ्क ग्यारेन्टी अनिवार्य रुपमा दाखिला गर्नुपर्नेछ।
(७) सर्टर संग सम्वन्धित क्षेत्रको सरसफाई, पानी, विजुली, मर्मत सम्भार तथा कर-दस्तुर लगायत अन्य विविध खर्च व्यवसायी स्वयमले व्यहोर्नु पर्नेछ। विजुलीको विल वापतको रकम सब - मिटरमा उठेको आधारमा गाउँपालिकामा प्रत्येक महिनाको अन्त्यमा बुझाउनुपर्नेछ यदि ढिला गरी बुझाएमा नियमानुसार जरिवाना समेत थपेर बुझाउनुपर्नेछ।



नि. प्रमुख प्रशासकीय अधिकृ

email:nechasalyan345@gmail.com
info@nechasalyanmun.gov.np
website:https://nechasalyanmun.gov

प. सं.२०८३।०८४
च. नं.

(८) पूर्व स्वीकृति नलिई आफूखुसी कुनै पनि सर्टर या संरचनाको स्वरुप परिवर्तन गर्न पाईने छैन । विपरित कार्य गरी बहालमा लिनेले लापरबाही
गरी भवन वा संरचनाहरूमा क्षति हुन गएमा वा विग्रे भत्केमा सो को मर्मत सम्भार बहालमा लिने आफैले व्यहोर्नू पर्नेछ । यदि समयमा मर्मत सम्भार नगरेमा गाउँपालिकाले कार्य गराई लागेको सम्पूर्ण खर्च सम्बन्धित बहालमा लिने व्यक्ति, फर्म वा कम्पनिबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ ।

(९) ठेक्का लिने व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुले सम्झौता अन्त्य गर्न चाहेमा सम्झौता भएको मितिले एक वर्ष पुग्नु भन्दा १ महिना अगावै को १ गते भित्र गाउँपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ। ततपश्चात मात्र अर्को महिना को मसान्त बाट लागू हुने गरी गाउँपालिकाले सम्झौताको अन्त्य गर्न सक्नेछ ।

(१०) यस गाउँपालिकालाई बुझाउनु पर्ने कर राजश्व, भाडा वा अन्य यस्तै प्रकारको तिर्न बाँकि बक्यौता रहेको व्यवसायी, संघ-संस्थाले बाँकी बक्यौता रकम नबुझाई यस खरिद प्रक्रियामा भाग लिन पाउने छैन र सो सम्बन्धी स्वघोषणा पेश गर्नुपर्ने छ ।

(११) ठेक्का लिने व्यवसायी, संघ-संस्थाले सरकारद्वारा प्रतिबन्धित मालसामान राख्न र शंकास्पद क्रियाकलाप गर्न पाईने छैन। त्यस्तो राखे वा गरे गराएको पाईएमा व्यवसायी, संघ-संस्था नै पूर्ण जिम्मेवार हुनेछ ।

(१२) पूर्व स्वीकृति नलिई निवेदकले आफूखुसी अन्यलाई भाडामा लगाउन पाईने छैन तथा कुन व्यवसाय गर्ने भन्ने प्रष्ट खुलाएर मात्र सिलबन्दी प्रस्तावपत्र पेश गर्नुपर्नेछ र व्यवसाय परिवर्तन गर्नुपरे गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(१३) बिहिवारे बजार ट्रस भवनको सर्टर १-५ सम्म कुन सर्टर कुन व्यवसायीले लिने भनेर बढाबढ को मेरिट का आधारमा सवै भन्दा बढि पेश गर्ने व्यावसायी लाई क्रमशः रोज्न दिईनेछ तर यदि कबोल अंक बराबर भएमा गाउँपालिकाले गोलाप्रथाको माध्यमबाट छनौट गर्नेछ ।

(१४) बहाल बिटौरी कर संकलनको सिलबन्दी प्रस्तावपत्रको जमानत बापतको रकम यस गाउँपालिकाको धरौटी खाता २५२०१००३०३००००००२ र सम्झौता गर्दा को ठेक्का रकम गाउँपालिकाको आन्तरिक राजश्व खाता (२५२०१००३०१०१०००२, राजश्व शीर्षक बहाल बिटौरी कर ११३१८) मा राष्ट्रिय वाणिज्य बैङ्क तथा गाउँलिकाको राजश्व खातामा जम्मा गर्नुपर्ने छ ।

(१५) ठेक्का लिने व्यवसायी, संघ-संस्था र गाउँपालिका कार्यालय बीच कुनै विवाद परेमा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(१६) प्रचलित कानुन बमोजिम व्यवसाय दर्ता तथा नवीकरण भएको कागजात र प्रोपाइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित आवेदन पेस गर्नुपर्नेछ।

(१७) यस सम्बन्धी थप जानकारी लिन यस कार्यालयको प्रशासन शाखा तथा राजश्व शाखामा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

युवराज पोखरेल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत